जसमा चारवटा लक्षणहरू छन्, त्यो शुद्ध मुनाफिक (पाखण्डी) हो र जसमा तीमध्ये एउटा छ, त्यसलाई नछोडेसम्म उसमा पाखण्डको एउटा लक्षण छ: जब ऊ बोल्छ झुट बोल्छ, जब उसले सम्झौता गर्छ, धोका दिन्छ, जब उसले वाचा गर्छ, तोड्छ र जब ऊ झगडा गर्छ गालीगलौज गर्छ ।

अब्दुल्लाह बिन अम्र (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु
अलैहि वसल्लम) ले भन्नुभएको छ : "चारवटा गुणहरू छन्; जुन व्यक्तिमा यी सबै पाइन्छन्, ऊ पूर्ण मुनाफिक (पाखण्डी, कपटी) हो र यदि तीमध्ये कुनै एक गुण पाइन्छ भने, उसमा
पाखण्डको एक अंश हुन्छ, जबसम्म उसले त्यसलाई त्याग्दैन। — जब ऊ बोल्छ, झूट बोल्छ; जब वाचा गर्छ, पूरा गर्दैन; जब विवाद गर्छ, अन्यायपूर्ण व्यवहार गर्छ; र जब सम्झौता गर्छ, त्यसमा धोका दिन्छ।"
[رواه البخاري ومسلم] [सही[

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले चार लक्षणहरू विरुद्ध चेतावनी दिनुभएको छ । यदि ती लक्षणहरू कुनै मुस्लिममा भयो भने ऊ धेरै हदसम्म पाखण्हडीरू जस्तै हुन्छ । हामी यहाँ ती व्यक्तिको बारेमा कुरा गर्दैछौं जसको व्यक्तित्वमा यी गुणहरू हावी हुन्छन् । यदि कसैमा कहिलेकाहीं यी गुणहरू हुन्छन् भने त्यो यसमा समावेश छैन, ती निम्न हुन्: पहिलो: जब ऊ बोल्छ, जानाजानी झूट बोल्छ र उसको बोलीमा सत्यता हुँदैन । दोस्रो : जब उसले सम्झौता गर्छ, त्यो पूरा गर्दैन र अर्को पक्षलाई धोका दिन्छ । तेस्रो : जब उसले वाचा गर्छ, पूरा गर्दैन अनि तोड्छ । चौथो: यदि उसले कसैसँग झगडा गर्छ भने उसको झगडा गम्भीर हुन्छ, ऊ सत्यबाट विचलित हुन्छ र सत्यलाई झुठो प्रमाणित गर्न झूट बोल्छ । निफाक (कपट) भनेको जसको भित्री रुप उसको बाहिर रुप विपरीत हो। यो अर्थ यी गुणहरू भएको व्यक्तिमा हुन्छ र उसको कपट त्यो व्यक्तिसँग सम्बन्धित हुन्छ जससँग उसले कुरा गरेको, वाचा गरेको, जिम्मा दिएको, बहस गरेको र मानिसहरूबाट वाचा गरेको थियो । यसको अर्थ यो होइन कि ऊ कपटी हो । जसमा यी मध्ये कुनै एक गुण छ, त्यसमा पाखण्डको गुण हुन्छ जबसम्म उसले यसलाई त्याग्दैन।

http://www.sunnah.global/hadeeth/ne/show/66537